# जानकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- शिक्षा २०८१/०८२
चलानी नं. :- १६८४

मितिः- २०८१/०९/३
ने.सं. ११४५, थिंलागा ३ बुधबार

श्री सामुदायिक विद्यालयहरु सबै,
जानकी गाउँपालिका, कैलाली ।

विषयः कार्यक्रममा सहभागि हुने सम्बन्धमा।

जानकी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा दुर्गौली, कैलालीको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रमहरु बमोजिम गाउँपालिका स्तरीय वृहत शैक्षिक कार्यक्रम तपसिलको मिति, समय र स्थानमा संचालन हुने भएको हुँदा तहाँ विद्यालयबाट विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षकहरुको अनिवार्य सहभागिताको लागि अनुरोध छ। उक्त कार्यक्रममा विद्यालयका शिक्षक तथा कर्मचारीहरुले विद्यालय पोशाकमा उपस्थित हुनका साथै कार्यक्रमलाई व्यवस्थित तथा मर्यादित बनाउन सहयोगको अपेक्षा गरिएको छ।

<u>तपसिलः</u>

मिति २०८१ पौष ५ गते

समयः विहान १०:०० बजे

स्थानः महेन्द्रशिशु मा.वि. जानकी-६, धर्मापुर, खेलमैदान।

<u>संचालन हुने कार्यक्रमहरुः</u>

१. जानकी गाउँपालिकाको सामुदायिक विद्यालयको नतिजामा आधारित अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धी कार्यविधि, २०८१ बमोजिम उत्कृष्ट विद्यालय घोषणा एवम् प्रमाणपत्र वितरण कार्यक्रम।
२. जानकी गाउँपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुको नृत्य प्रतियोगिता र गायन प्रस्तुति एवम् उत्कृष्ट हुने समूहलाई नगद पुरुस्कार प्रदान तथा प्रमाणपत्र वितरण कार्यक्रम।
३. शैक्षिक सत्र २०८० मा माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० र आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई नगद, जिन्सी र प्रमाणपत्र वितरण कार्यक्रम।
४. सामुदायिक विद्यालयका पुस्तकालयको लागि लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग सम्बन्धी पुस्तकहरु हस्तान्तरण कार्यक्रम ।
५. गाउँपालिका स्तरीय चित्रकला प्रदर्शनी एवम् उत्कृष्ट चित्रकार विद्यार्थीलाई नगद पुरुस्कार र प्रमाणपत्र वितरण कार्यक्रम।

धर्मानन्द कपाडी
शिक्षा अधिकृत

८१-०९-०३
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत


"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"
फोन नं. ०९१-५०००७७, ०९१-५०००७९(LEOC) Google Plus Code :H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali